श्री सम्पादक ज्यू,

विजमाण्डु डटकम प्रा.लि. थापाथली काठमाण्डौं।

विषयः- खण्डनका सम्वन्धमा।

महोदय,

उपरोक्त सम्वन्धमा विजमाण्डु डटकम प्रा.लि. ले मिति २०८२ साल जेष्ठ २९ गते अनलाईन पत्रिका मार्फत प्रकाशित "हमाल र सन्तोषनायणको केस एउटै, अख्तियारको निष्कर्ष-आइपीओ अनुमति दिँदा अनियमितता" शीर्षकको समाचारमा मेरो नाममा रहेको कम्पनी इन्फिनिटी होल्डङको समेत नाम जोडी भ्रामकपूर्ण झुट्टा समाचार प्रकासित गरिएकोमा गम्भिर ध्यानाकर्षण भएको छ।

प्रकाशित समाचारमा विभिन्न व्यक्तित्व, पद तथा काम कारवहिका सम्वन्धमा मेरो कम्पनीको नाम जोडेर म संग प्रतिकृया समेत नलिई प्रकाशन गरिएको समाचार आधार प्रमाण विहिन भ्रमिक तथा झुट्टा रहेकोले उक्त भ्रमक समाचारका कारण मेरो व्यवसाय, कम्पनिलाई अपुरणिय हानि नोक्सानी हुने भएकोले यस समाचारका विषयमा निम्नानुसार खण्डन प्रकासन गरिदिन हुन अनुरोध गर्दछु।

साथै, यस प्रकारको भ्रमिक तथा झुट्ट समाचारले व्यक्तिले गरिरहको व्यवसायमा नकरात्म असर पर्न जाने हुदा उक्त मितिमा प्रकासित समाचार विजमाण्डु अनलाईनका साथै अन्य सामाजिक सन्जालवाट हटाई दिन हुन सादर अनुरोध गर्दछु। अन्यथा कानूनी उपचारमा जाने वाटो खुल्ला रहेको व्यहोरा समेत जानकारी गराउन चाहान्छु।

<u>निम्नः-</u>

१. समाचारमा उल्लेख भएअनुसार हमाल र सन्तोषनारायणलाई सेवोनको नेतृत्वमा ल्याउन सवै बन्दोवस्त मिलाउने भनि मेरो कम्पनी इन्फिनिटी होल्डिङको नाम

उल्लेख गरिएको विषय गलत भ्रामिक तथा झुठा छ। निजहरुको नियूक्ति नेपाल सरकारले गरेको जानकारी मैले संचार माध्यमहरुमा प्रकासित समाचारबाट पाएको थिए।

२. निजहरुले सेवोनको अध्यक्षको जिम्मेवारी प्राप्त गरे पश्चात गरेको काम कारवाही सम्वन्धमा मेरो कुनै सरोकार थिएन।

दिपक भट्ट

अध्यक्ष

इन्फिनिटी होल्डिङ, ल.जि.ल.उ.म.न.पा. वडा नं.२

बोधार्थः-

मिति-२०८२।०३।०१ गते

श्रीमान अध्यक्ष ज्यू,

प्रेस काउन्सिल,नेपाल,

संचारग्राम, तिलगंङ्गा,काठमाण्डौ।